annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२८ पृष्ठ ८ | काठमाडौं, बिहीबार १९ भदौ २०८२ | भाद्र शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | THURSDAY, SEPTEMBER 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने एमाले मार्गचित्र



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्तासीन एमालेले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा निर्माण गर्ने मार्गचित्रका साथ विधान महाधिवेशन गर्दै छ। जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार निर्माण र नेपाली विशेषतासहितको समाजवादी स्थापना गर्ने विशेष राजनीतिक प्रस्ताव विधान महाधिवेशनमा प्रस्तुत हुँदैछ। भदौ २० देखि २३ गतेसम्म ललितपुरको गोदावरीमा विधान महाधिवेशन हुँदैछ।

अध्यक्ष केपी शर्मा ओलीले विकसित राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने छन्। उनको प्रतिवेदनले हालको मुख्य चुनौती, पार्टीको कार्यदिशा र कार्यभार स्पष्ट गर्ने छ। प्रतिवेदनमा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पार्टीको गन्तव्यको रुपमा अगाडि बढाउने रोडम्याप प्रस्तुत गरिएको छ।

एमालेले माथिल्लोदेखि तल्लोसम्म हरेक कमिटीको पदाधिकारीमा महिला अनिवार्य राख्नुपर्ने व्यवस्था गर्दै छ। विधान महाधिवेशनमा केन्द्रीय समितिदेखि वडासमितिसम्मै अब कम्तीमा पनि एक जना महिला पदाधिकारी अनिवार्य हुनुपर्ने प्रस्ताव गरिएको छ । उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान अधिवेशनमा प्रस्तुत गर्ने विधान संशोधन प्रस्तावमा २५१ सदस्यीय केन्द्रीय कमिटीको प्रस्ताव छ।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

### दुईवटा आईजिन विवाद

# डेढ अर्ब बढीको संस्थापक सेयर होल्ड, लगानीकर्ता निराश

सीडीएस एन्ड क्लियरिङ हाउस (सीडीएससी) ले संस्थापक तथा साधारण समूहको सेयरलाई अनिवार्य रूपमा फरक-फरक (दुईवटा) आईजिनको प्रस्ताव गर्‍यो । अन्तर्राष्ट्रिय क्षेत्रमा नभएको तथा कानुनी आधार र औचित्य विनै दुईवटा आईजिनको प्रस्ताव गरिएको भन्दै सीडीएससीको प्रस्ताव चर्को विवादमा पर्‍यो । त्यही कारण गत माघदेखि संस्थापक सेयर नेप्सेमा सूचीकृत हुन सकेका छैनन् । सीडीएससीको यो प्रस्तावले पुँजीगत बजार बिग्रने र लगानीकर्ता हच्किने अवस्था आएको जानकारहरू बताउँछन् ।

**सुनिता कार्की** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## अनुमति नलिएका सामाजिक सञ्जाल र सामग्री बन्द गराउन सर्वोच्चको परमादेश



**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले अनुमति नलिएका सामाजिक सञ्जाल र ओभर द टप (ओटीटी) एप्सलगायत इन्टरनेट ब्राउजरबाट विज्ञापनसहित प्रसारण हुने सामग्रीमाथि बन्देज लगाउन तथा नियमनका लागि आवश्यक कानुन निर्माण गर्न सरकारलाई परमादेश जारी गरेको छ।

न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र शान्ति सिंह थापाको संयुक्त इजलासले सरकारका नाममा बुधबार परमादेश जारी गरेको हो। अधिवक्ता विश्वेश्वरप्रसाद गौतम र नेपाल केवल टेलिभिजन महासंघका महासचिव मनोज गुरुङले पाँच वर्षअघि छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए। सर्वोच्चले सोही रिट निवेदनमाथि सुनुवाइ गर्दै विदेशी प्रसारण संस्थाले नेपालमा प्रसारण गर्न अनुमतिपत्र लिनुपर्ने र सरकारलाई आवश्यक कानुन निर्माण गर्न परमादेश दिएको हो।

रिट निवेदनमा ओटीटी तथा युट्युबलगायत इन्टरनेट ब्राउजरमा भएका अनधिकृत प्रसारण सेवा रोक्न परमादेशको माग गरिएको थियो। सर्वोच्चले राष्ट्रिय प्रसारण नियमावलीको नियम नं ५ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न परमादेश जारी गरेको हो।

प्रसारण नियमावलीमा कुनै विदेशी प्रसारण संस्था वा डिजिटल कार्यक्रम उत्पादकले आफ्नो मुलुकबाट प्रशारण गरेको कुनै डिजिटल कार्यक्रमलाई नेपालमा डाउनलिंक गरी प्रशारण गराउन चाहने व्यक्ति वा संगठित संस्थाले अनुमति लिनुपर्ने व्यवस्था छ।

सरकारले नेपालमा दर्ता नभएका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने तयारी गरिरहेकै बेला सर्वोच्चले परमादेश जारी गरेको हो। रिट निवेदनमा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, विज्ञापन बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरणलायतलाई विपक्षी बनाइएको थियो।

